बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

पत्र सङ्ख्याः-२०८२।०८३

चलानी नः- १५९

हेटौंडा, नेपाल

मितिः २०८२/०७/१६

**विषयः माध्यमिक तहमा स्थायी नियुक्तिका लागि जिल्ला छनोट सम्बन्धी सूचना ।**

शिक्षा तथा मानवस्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको च.नं. ४३ मिति २०८२।०७।१४ को प्राप्त सिफारिस पत्रानुसार माध्यमिक तह तृतीय श्रेणीको स्थायी शिक्षक नियुक्तिका लागि बागमती प्रदेशमा सिफारिस भएका उम्मेदवारहरुले योग्यताक्रमको आधारमा जिल्ला पदस्थापनका लागि सिफारिस हुने भएकोले यो सूचना प्रकाशित भएको **मितिले ७ (सात) दिन** भित्र **नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, प्रवेश पत्रको प्रतिलिपि र अपाङ्गता भएका उम्मेदवारको हकमा श्रेणी वा वर्ग (क, ख र ग) खुलेको अपाङ्गता परिचयपत्रको प्रतिलिपि** अनिवार्य रुपमा संलग्न राखी तोकिएको निवेदन ढाँचामा प्राथमिकताक्रम अनुसार जिल्ला छनौटको निवेदन यस निर्देशनालयको e-mail : edd.bagamati@gmail.com मा पठाउन वा स्वयम् व्यक्ति उपस्थित भई पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र निवेदन पेश नगर्ने तथा प्राथमिकताक्रम अनुसार सबै जिल्ला छनोट नगर्ने उम्मेदवारको हकमा रिक्त जिल्लामा नियुक्तिको लागि सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइमा सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**पदसंख्या विवरण**

| सि. नं. | जिल्ला | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | अर्थ शास्त्र | लेखा | सस्कृत व्याकरण | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | दोलखा | १ | १ | ३ | ३ | २ | ० | ० | ० | १० | |
| २ | रामेछाप | १ | ३ | २ | ० | ० | ० | ० | १ | ७ | |
| ३ | सिन्धुली | ० | ० | १ | ० | ० | ० | ० | ० | १ | |
| ४ | काभ्रेपलाञ्चोक | ० | ३ | ८ | ६ | ० | १ | ० | ० | १८ | |
| ५ | सिन्धुपाल्चोक | ० | १ | ० | १ | ० | ० | १ | ० | ३ | |
| ६ | रसुवा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ७ | नुवाकोट | ० | २ | ० | ३ | १ | ० | १ | ० | ७ | |
| ८ | धादिङ | ० | ० | २ | १ | ० | ० | ० | ० | ३ | |
| ९ | चितवन | २ | २ | १ | २ | २ | ० | ० | ० | ९ | |
| १० | मकवानपुर | ० | ० | १ | ० | ० | ० | ० | ० | १ | |
| ११ | भक्तपुर | ० | ० | १ | १ | १ | ० | ० | ० | ३ | |
| १२ | ललितपुर | १ | ० | १ | १ | ० | ० | ० | ० | ३ | |
| १३ | काठमाण्डौ | १ | २ | २ | ५ | १ | १ | १ | ० | १३ | |
| जम्मा | | ६ | १४ | २२ | २३ | ७ | २ | ३ | १ | ७८ | |

पुनश्चः इमेल पठाएको १/२ घण्टासम्म प्राप्त भएको जानकारी नआएमा ९८१७८५७८७१ मा अनिवार्य सम्पर्क गरी सुनिश्चित गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।

०८।१६

शारदा कुमारी मैनाली

निर्देशक

इमेलः edd.bagamati@gmail.com, वेवसाइटः edd.bagamati.gov.np,

सम्पर्क नं: ०५७-५२७१०५, ०५७-५२७१०६

**निवेदनको ढाँचा**

श्रीमान् महानिर्देशकज्यू
शिक्षा विकास निर्देशनालय
बागमती प्रदेश, हेटौडा ।

मितिः २०८२/०७/......

विषयः माध्यमिक तह शिक्षक पदस्थापनाका लागि जिल्ला छनौट सम्बन्धमा ।

महोदय,

शिक्षक सेवा आयोगबाट लिइएको माध्यमिक तहको शिक्षक पदको खुला प्रतियोगितामा सफल भएकाले निम्न विवरण सहित जिल्लामा पदस्थापनाका लागि नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, प्रवेश पत्रको प्रतिलिपि/अपाङ्गता परिचयपत्रको प्रतिलिपिसहित जिल्ला छनोटको निवेदन पेश गरेको व्यहोरा अनुरोध छ ।

<u>प्राथमिकताक्रम अनुसारका जिल्लाहरु (जिल्ला छनौट गर्दा पदसंख्या नभएका बाहेक अन्य सबै जिल्ला छनौट गर्नु पर्नेछ तथा</u> केरमेट तथा टिपेक्स प्रयोग नगर्नुहोला ।):

१. ..........................................  ८. ..........................................
२. ..........................................  ९. ..........................................
३. ..........................................  १०. ..........................................
४. ..........................................  ११. ..........................................
५. ..........................................  १२. ..........................................
६. ..........................................  १३. ..........................................
७. ..........................................

**निवेदकको**

दस्तखत :
नाम थरः
स्थायी ठेगानाः
रोल नं
विषयः
सिफारिस समूहः
सिफारिसको योग्यता क्रमः
अपाङ्गताको श्रेणीः
सम्पर्क नंः

ल्याप्चे छाप :

| दायाँ | वायाँ |
|---|---|
| | |